नेपाल सरकार

कृषि वन तथा वातावरण मन्त्रालय

पशु सेवा विभाग

# राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरा

को

**आ.व.२०८२/८३ को चौथो त्रैमासिक तथा बार्षिक प्रगती सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) को प्रयोजनको लागि जारी गरिएको जानकारी**

## कार्यालयको स्वरूप, प्रकृति र पृष्ठभुमी

साबिकको पशु बिकास फार्म पोखरा र राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा, नेपाल सरकारको निर्णय अनुसार आ.ब. २०७५।७६ देखि एकिकृत भई राष्ट्रिय पशु प्रजनन कार्यालय पोखरा नामाकरण गरिएको हो । आ.व. २०१७।१८ मा न्यूजील्याण्ड सरकारको सहयोगमा भेडा वृद्धि केन्द्रको रूपमा स्थापना भएको साबिकको पशु विकास फार्म पोखरा, स्थानीय स्तरमा भेडी फारमको नामले चिनिन्छ । २०२६ सालमा यो फार्म "पशु विकास फार्म, पोखरा" मा परिणत गरियो र फार्ममा भेडाका अतिरिक्त भैंसी, बंगुर, कुखुरा तथा चरन विकास कार्यक्रम समेत सुरु गरियो । वि.सं. २०३१ देखि २०३८ सम्म GTZ को सहयोगमा सञ्चालित गण्डकी अञ्चल कृषि विकास आयाोजना अन्तर्गत प्राप्त सहयोगमा फार्मका धेरै भौतिक पूर्वाधारहरु निर्माण गरिए र उन्नत पशुपन्छी, मेशिनरी औजार आदि समेत आयात गरियो । हाल यो फार्म राष्ट्रिय पशु प्रजनन कार्यालयको न्युक्लियस हर्ड व्यवस्थापन शाखाको रुपमा रहेको छ र यस शाखाले उन्नत पशुपंक्षी, बीउ, बेर्ना उत्पादन गर्नुका साथै उन्नत प्रविधि हस्तान्तरण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

साबिकको राष्ट्रिय पशु प्रजनन केन्द्रको इतिहास हेर्दा वि.सं. २००८ सालमा लाइभष्टक ईम्प्रुभमेन्ट सेक्सन, सिंहदरबारको नामबाट शुरु भएको थियो । त्यस बेला देखि बेलायतबाट छोटो सिंग भएका जातका साँढे, जर्सी र ब्राउनस्वीस जातका गाई तथा साँढे र पाकिस्तानबाट रेड सिन्धी जातका गाई तथा साँढे नेपालमा ल्याई स्थानिय गाईहरुमा प्रयोग गरी बर्णशंकर बाच्छा बाच्छीहरु उत्पादनबाट तिनीहरुको वंश सुधार गरी उत्पादकत्वमा बृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याईएको थियो । आ.ब. २०२५।०२६ मा कृत्रिम गर्भाधान आयोजना त्रिपुरेश्वरबाट जर्सी, ब्राउनस्वीस, आयरसायर तथा होलिस्टिन साँढेको वीर्य संकलन गरी तरल वीर्यबाट कृत्रिम गर्भाधान गराउने कार्यको शुरुवात भएको थियो । आ.ब. २०३७।०३८ सालमा त्रिपुरेश्वरमा तरल नाइट्रोजन प्लान्टको स्थापना भए पछि तरल वीर्य को साथै जमेको वीर्य संकलन गरी कृत्रिम गर्भाधान कार्य गर्न थालिएको थियो । पछि कृत्रिम गर्भाधान आयोजनाको नाम पशु प्रजनन महाशाखा रह्यो र वि.सं. २०४१।०४२ सालमा त्रिपुरेश्वरबाट यो कार्यालय खुमलटार, ललितपुरमा सारियो । आ.व. २०५२।०५३ मा कृत्रिम गर्भाधान सेवाको नाम पशु प्रजनन तथा कृत्रिम गर्भाधान शाखा राखियो । यस शाखालाई आ.व. २०५८।०५९ मा लामापाटन, पोखरामा स्थान्तरण गरियो र आ.व. २०६१।०६२ मा "राष्ट्रिय पशु प्रजनन केन्द्र" नामाकरण गरियो ।

यस कार्यालयको कार्य प्रकृति अनुसार नश्ल सुधारको कार्यलाइ सहजीकरण गरी दुध उत्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा भूमिका निर्वाह गर्ने रहेको छ ।

## यस कार्यालयबाट सम्पादन हुने मुख्य कामको विवरण

यस राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराबाट संचालन गरिने मुख्य मुख्य देहाय बमोजिम छन् ।

१. गाई, भैसी तथा बाख्रामा कृत्रिम गर्भाधान कार्यको लागि उच्च प्रजनन मान भएका रांगो, सांढे तथा बोकाको जमेको बिर्य उत्पादन तथा बितरण गर्ने ।
२. जमेको बिर्य भण्डारणको लागि तरल नाईट्रोजन उत्पादन तथा खरिद गरि बितरण गर्ने ।
३. भ्रुण प्रत्यारोपण लगायत पशु नश्ल सुधार सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।
४. कृत्रिम गर्भाधान कार्यक्रम तथा कृत्रिम गर्भाधान कर्ताहरुको अनुगमन तथा नियमन गर्ने ।
५. स्थानीय पशु अनुबांशिकी श्रोतको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
६. भैंसीको नश्ल सुधार गर्न मुर्रा नश्लका राँगा उत्पादन गरी बिक्री वितरण गर्ने ।
७. उन्नत नश्ल (ल्याण्डरेश, योर्कशायर, ड्यूरोक) का बंगुरका पाठापाठी उत्पादन गरी प्रजनन कार्यका लागि बिक्री वितरण गर्ने ।
८. न्यू ह्याम्पशायर र अष्ट्रोलर्प जातका कुखुराका एक दिने चल्ला उत्पादन गरी बिक्री वितरण गर्ने ।
९. विभिन्न घाँसका बेर्ना उत्पादन गरी बिक्री वितरण गर्ने ।
१०. स्थानीय कागे नश्लका भेंडा संरक्षणको लागि पालन गर्ने ।
११. बोयर बाख्राको पाठापाठी उत्पादन गरि वितरण गर्ने ।
१२. उन्नत प्रविधि हस्तान्तरण गर्ने कार्यमा सहयोग पर्याउने।

## यस कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण

यस कार्यालयमा विभिन्न सेवा समूह र श्रेणीका जम्मा ५६ जना कर्मचारीको दरबन्दी रहेको छ। २०८१ आषाढ मसान्तमा दरबन्दीको विस्तृत विवरण देहाय बमोजिम छ।

| क्र स | पद | श्रेणी | दरवन्दी | | | |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत | पदपुर्ति | रिक्त | कैफियत |
| १ | प्रमुख पशु विकास अधिकृत | रा. प. प्र. प्रा. | १ | १ | ० | बिदामा |
| २ | वरिष्ठ पशु विकास अधिकृत | रा. प. दि. प्रा. | ३ | ३ | ० | |
| ३ | पशु विकास अधिकृत | रा. प. तृ. | ७ | ७ | ० | |
| ४ | पशु चिकित्सक | रा. प. तृ. | १ | १ | ० | |
| ५ | लेखा अधिकृत | रा. प. तृ. | १ | १ | | |
| ६ | पशु सेवा प्राबिधिक | रा. प. अ. प्र. | १२ | १२ | | पदपुर्ति मध्ये ३ जना काजमा १ अध्ययन विदामा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ई आभरसियर | रा. प. अ. प्रा. | २ | ० | २ | |
| ८ | नायब सुब्बा | रा. प. प्र. | १ | १ | 0 | |
| ९ | नायव पशु सेवा प्राबिधिक | रा. प. अनं. दि. | ११ | ९ | २ | पदपुर्ति मध्ये १ जना काजमा |
| १० | हलुका सवारी चालक | श्रेणी बिहिन | ४ | ४ | ० | |
| ११ | कार्यालय सहयोगी | श्रेणी बिहिन | १३ | १० | ३ | (१० करार समेत गरी ११ जना कार्यरत) |
| | **जम्मा** | | **५६** | **४९** | ७ | |

## विभिन्न पदहरुको कार्य विवरण

- *प्रमुख पशु विकास अधिकृतः* कार्यालयको प्रमुखको रुपमा कार्य गर्ने, कामको जिम्मेवारीको बाँडफांड गर्ने, पशु सेवा विभाग संग समन्वय गरी पशु सेवा विकास तथा पशु प्रजननसंग सम्बन्धित विभिन्न नीति तथा कार्यविधीको कार्यान्वयन गर्ने/गराउने, मातहतका वरिष्ठ पशु विकास अधिकृतहरूको सुपरिवेक्षण गर्ने आदि।
- *वरिष्ठ पशु विकास अधिकृतः* कार्यालयको विभिन्न शाखाहरूमा सुपरभाइजरको रुपमा कार्य गर्ने, अधिकृतहरूको कामको जिम्मेवारीको बाँडफांड गर्ने, स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने/गराउने, कार्यालयको प्रमुख वा फोकल अधिकृत वा सूचना अधिकृतको रुपमा कार्य गर्ने, मातहतका अधिकृतहरुको सुपरिवेक्षण गर्ने आदि।
- *लेखा अधिकृतः* कार्यालय संचालनमा हुने सम्पूर्ण लेखा व्यवस्थापन गर्ने, लेखा शाखाको प्रमुखको रुपमा काम गर्ने आदि।
- *पशु विकास अधिकृत र पशु चिकित्सकः* कार्यालयका विभिन्न शाखाहरूको प्रमुखको रुपमा कार्य गर्ने, स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने, पशुहरूको उपचार गर्ने गराउने र मातहतका प्राविधिकहरुको सुपरिवेक्षण गर्ने आदि ।
- *पशु सेवा प्राविधिकः* कार्यालयमा रहेका विभिन्न शाखाहरूमा प्राविधिक ईन्चार्जको रुपमा कार्य गर्ने ।
- *नायव सुव्वाः* प्रशासन संग सम्बन्धित सबै कार्य प्रशासन प्रमुखको रुपमा रहि काम गर्ने आदि। कार्यालय सञ्चालनका क्रममा आवश्यक विभिन्न चिठी पत्रहरू, फाईलहरू दर्ता वा चलानी तथा जिन्सी सामानहरूको अध्यावधिक अभिलेख राख्ने ।
- *नायव पशु सेवा प्राविधिकः* कार्यालयमा रहेका विभिन्न शाखाहरूमा प्राविधिक ईन्चार्जको रुपमा कार्य गर्ने ।

## कार्यालयबाट प्रदान गरिने सेवा

यस कार्यालयबाट प्रदान गरिने प्रमुख सेवाहरुमा उन्नत पशुपंक्षी, बीउ, बेर्ना उत्पादन गर्नुका साथै उन्नत प्रविधि हस्तान्तरण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यस कार्यालयको कार्य प्रकृति अनुसार नश्ल सुधारको कार्यलाइ सहजीकरण गरी दुध उत्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा भूमिका निर्वाह गर्ने रहेको छ । सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानिय निकायहरुमा कृत्रिम गर्भाधान सेवा विस्तारको लागि तरल नाईट्रोजन तथा जमेको वीर्य वितरण गरी सेवालाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेलेको छ भने यस कार्यालयबाट कृत्रिम गर्भाधान, पशु प्रजनन तथा पशुपालन सँग सम्बन्धित विभिन्न प्रविधि तथा जानकारीहरू पनि कृषक समक्ष पुर्याउने लगायतका सेवा उपलब्ध गराउँदै आएको छ ।

## सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

कार्यालयबाट कार्य सम्पादन गर्न देहायको कामको लागि देहाय बमोजिमका जिम्मेवारी तोकिएको छ ।

| क्रसं | सम्बन्धित शाखा | जिम्मेवार अधिकृत | सुपरभाइजर | कार्यालय प्रमुख |
|---|---|---|---|---|
| १ | प्रविधि प्रसार तथा योजना | डा. शोभा बराल | डा. महेन्द्र मल्ल | |
| २ | राँगो साँढे तथा बोका व्यवस्थापन | डा. गोपाल पासी | श्री विश्वनाथ गौतम | |
| ३ | जमेको वीर्य उत्पादन | डा. मिन चौधरी | श्री विश्वनाथ गौतम | |
| ४ | जमेको वीर्य तथा तरल नाइट्रोजन वितरण | डा. रोजिना अधिकारि | श्री विश्वनाथ गौतम | |
| ५ | गाइभैसी व्यवस्थापन ईकाई | डा. सुजता रेग्मी | श्री महेन्द्रराज पाण्डेय | डा चन्द्र ढकाल |
| ६ | बंगुर व्यवस्थापन ईकाई | डा. काजल दहाल | श्री महेन्द्रराज पाण्डेय | |
| ७ | कुखुरा व्यवस्थापन ईकाई | डा. सुजता रेग्मी | श्री महेन्द्रराज पाण्डेय | |
| ७ | भेडा बाख्रा व्यवस्थापन ईकाई | गुरु प्रसाद भुषाल | श्री महेन्द्रराज पाण्डेय | |
| ८ | पशु आहारा उत्पादन शाखा | डा. शोभा बराल | डा. महेन्द्र मल्ल | |
| ९ | दोहोरो मार्ग व्यवस्थापन (डेरी) | श्री रामजी राय यादव | महेन्द्र राज पाण्डेय | |
| १० | दोहोरो मार्ग व्यवस्थापन (दाना) | श्री अर्जुन भण्डारी | डा. महेन्द्र मल्ल | |
| १२ | नियमित पशु रोग उपचार तथा व्यवस्थापन | डा. अविनाश भटराई | | |
| १३ | लेखा | श्री ख्यानारायण अर्याल | श्री विश्वनाथ गौतम | |
| १४ | प्रशासन | श्री यामनारायण पनेरु | श्री विश्वनाथ गौतम | |

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

यस कार्यालयको प्रमुख कार्य राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन गर्ने, न्यूक्लियस हर्ड (गाइ, भैसी, बंगुर, कुखुरा, भेडा, बाख्रा) को व्यवस्थापन, तरल नाईट्रोजन तथा जमेको वीर्य वितरणमा सहयोग गर्ने हो। यस कार्यालयबाट अन्य उपलब्ध गराउने देहायका सेवाहरूमा तपशिल बमोजिमको राजस्व लिने गरेको छ ।

| क.स. | गैरकरको नाम | गैरकर संकलनको आधार | हाल कायम विक्रि दर रु | दर लागु भएको भएको पछिल्लो मिति | कैफियत/ पुष्ट्याईं |
|---|---|---|---|---|---|
| १ | वंगुरको शुद्ध पाठापाठी (३५ देखी ४५ दिने, प्रा.ग.बाट जन्मेका) प्रतिगोटा | मुख्य उत्पादनको हकमा दोहोरोमार्ग व्यवस्थापन प्रणाली तथा अतिरिक्त क्रियाकलाप सम्वन्धी निर्देशीका २०६० को प्राब्धान अनुसार गठित फार्म निर्देशन समितिको निर्णय तथा उपउत्पादनको हकमा स्टाफ वैठकको निर्णय | ५५०० (४६ देखी ६० सम्म रु ६००० तथा ६१ देखी ९० सम्म रु ७०००) | २०८०।४।१ | |
| २ | वंगुरको शुद्ध पाठापाठी (४५ दिनसम्मको, कृ.ग.बाट जन्मेको) प्रतिगोटा | " | ६००० (४६ देखी ६० सम्म रु ६५०० तथा ६१ देखी ९० सम्म रु ७५००) | २०७६।०६।०१ | |
| ३ | वंगुरको क्रस पाठापाठी (४५ दिनसम्मको, प्रा.ग.बाट जन्मेका) प्रतिगोटा | " | ४५००(४६ देखी ६० सम्म रु ५००० तथा ६१ देखी ९० सम्म रु ६०००) | " | |
| ४ | प्रजनन् अयोग्य भाले तथा पोथी वंगुरको प्रति केजि जिवित तौल | " | १५० | २०७७।०४।१८ | |
| ५ | प्रजनन् योग्य भाले तथा पोथी वंगुरको प्रति केजि जिवित तौल | " | ३०० | " | |
| ६ | कुखुराको भाले लागेको अण्डा प्रतिगोटा | " | १२ | " | |
| ७ | कुखुराको मझौला अण्डा प्रतिगोटा | " | १० | २०८०।४।१ | |
| ८ | कुखुराको चर्केको अण्डा प्रतिगोटा | " | ५ | २०७६।०६।०१ | |
| ९ | कुखुराको एकदिने चल्ला प्रतिगोटा | " | ४५ | २०८०।४।१ | |
| १० | कुखुराको २ हप्ते चल्ला प्रतिगोटा | " | ६० | " | |
| ११ | कुखुराको ३ हप्ते चल्ला प्रतिगोटा | " | ८० | " | |
| १२ | कुखुराको ४ हप्ते चल्ला प्रतिगोटा | " | ९५ | " | |
| १३ | कुखुराको ५ हप्ते चल्ला प्रतिगोटा | " | ११० | " | |
| १४ | कुखुराको ६ हप्ते चल्ला प्रतिगोटा | " | १३० | " | |
| १५ | कुखुराको ७ हप्ते चल्ला प्रतिगोटा | " | १४० | २०७६।०६।०१ | |
| १६ | कुखुराको ८ हप्ते चल्ला प्रतिगोटा | " | १६० | " | |
| १७ | कुखुराको ९ हप्ते चल्ला प्रतिगोटा | " | १८० | " | |
| १८ | कुखुराको १० हप्ते चल्ला प्रतिगोटा | " | २०० | " | |
| १९ | कुखुराको ११ हप्ते चल्ला प्रतिगोटा | " | २३० | " | |
| २० | कुखुराको १२ हप्ते चल्ला प्रतिगोटा | " | २५० | " | |
| २१ | प्रजनन अयोग्य भाले कुखुरा( प्रतिकेजी) | " | ३०० | " | |
| २२ | प्रजनन अयोग्य पोथी कुखुरा( प्रतिकेजी) | " | २०० | " | |
| २३ | भैंसीको मलखाद | " | ३ | २०७३।४।१ | |

| क्र.स. | गैरकरको नाम | गैरकर संकलनको आधार | हाल कायम विक्रि दर रु | दर लागु भएको भएको पछिल्लो मिति | कैफियत/ पुष्ट्याईं |
|---|---|---|---|---|---|
| २४ | कुखुराको मलखाद | " | ५ | " | |
| २५ | वंगुरको मलखाद | " | ३ | " | |
| २६ | बाखाको मलखाद | " | ५ | " | |
| २७ | भेंडाको मलखाद | " | ५ | " | |
| २८ | प्रजननयोग्य बोयर बोका जिवित तौल प्रतिकेजि | " | १५०० | २०७७।८।१७ | |
| २९ | प्रजननयोग्य बोयर बाखा जिवित तौल प्रतिकेजि | " | १३०० | " | |
| ३० | प्रजनन अयोग्य बोयर बोका जिवित तौल प्रतिकेजि (२ वर्षभित्रको) | " | ३५० | २०७३।४।१ | |
| ३१ | प्रजनन् अयोग्य बोयर पाठी जिवित तौल प्रतिकेजि | " | ३०० | २०७७।०४।१८ | |
| ३२ | प्रजनन् अयोग्य बोयर माउ जिवित तौल प्रतिकेजि | " | २५० | " | |
| ३३ | जमेको वीर्य प्रतिडोज (स्वदेशी) | " | ५० | २०८१।११।२१ | |
| ३४ | जमेको वीर्य प्रतिडोज (विदेशी) | " | ५० | " | |
| ३५ | तरल नाइट्रोजन प्रति लिटर | " | ५० | " | |
| ३६ | वहुवर्षिय घाँस सेट्स प्रतिगोटा | " | १।५० | २०७३।४।१ | |
| ३७ | प्रजनन् योग्य तथा अयोग्य राँगाभैंसी तथा पाडापाडी | " | स्थानीय बजारमा प्रचलित तयारी मासुको मुल्यलाई जिवित तौलले गुना गरी वडी कन्डीसनको अवस्था हेरी निश्चीत फ्याक्टरले भाग गर्ने ( भाग गर्ने फ्याक्टरहरु: अति उत्तम वडी कन्डीसन भए २, उत्तम भए २.६६, राम्रो भए ३, औसतभए ३.४ तथा कमसल भए ४ | " | |
| ३८ | गाईको दुध प्रतिलिटर रु | " | ८० | २०७६।६।१ | |
| ३९ | भैंसीको दुध प्रतिलिटर रु | " | १२० | २०८०।०३।२२ | |
| ४० | प्रजनन् योग्य।अयोग्य थुमा प्रतिकेजि जिवित तौल | " | ३५० | " | |
| ४१ | पाठी(भेडा)कलिंग प्रतिकेजि जिवित तौल | " | ३०० | २०७७।०४।१८ | |
| ४२ | माउ (भेडा) प्रतिकेजि जिवित तौल | " | २५० | " | |
| ५२ | वहुवर्षिय घाँसको सेट प्रतिगोटा रु | " | १।५० | २०७३।४।१ | |
| ५३ | वंगुरको ताजा वीर्य प्रतिडोज | " | २५० | २०८१।११।२१ | |

## निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयले कार्य फछ्र्यौटको क्रममा समान्य प्रकृतिका विषयमा सम्बन्धित कार्यालयको स्टाफ बैठक, खरिद ईकाईको बैठक, विभागीय नीति निर्देशनमा निर्णयमा पुग्ने गरेको छ भने कुनै विशेष निर्णयहरु गर्नुपर्दा माथिल्लो निकाय श्री पशु सेवा विभागको केन्द्रिय स्तरको बैठक तथा टिप्पणी आदेशबाट निर्णय प्रक्रिया सम्पन्न हुन्छ ।

## निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयको सेवा प्रवाह वा कामको सन्दर्भमा कुनै गुनासो वा उजुरी भएमा जुन कर्मचारी वा अधिकृतको कामको विषयमा गुनासो वा उजुरी हो सो भन्दा एक तह माथिको सम्बन्धित अधिकृत वा कार्यालयका कार्यालय प्रमुख वा पशु सेवा विभाग उजुरी सुन्ने अधिकारी।निकाय रहेको छ ।

## सुचना अधिकारी र प्रमुखको नाम र पद

यस केन्द्रको सूचना अधिकारीको रुपमा वरिष्ठ पशु विकास अधिकृत, डा महेन्द्र मल्ल (९८५७०६१७१७) लाई तोकिएको छ ।

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस कार्यालयसंग प्रत्यक्ष रुपमा सम्बन्धित ऐन, नियम तथा निर्देशिकाको विवरण यस प्रकार रहेको छ।

यसको विद्युतिय प्रति पनि कार्यालयको वेवसाइटमा उपलब्ध गराइएको छ ।

१. राष्ट्रिय पशुपन्छी प्रजनन नीति, २०७८

२. राष्ट्रिय कृषि नीति, २०६१

३. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली २०५६

४. दोहोरो मार्ग सञ्चालन निर्देशिका

५. पशु सेवा विभागको कार्य सञ्चालन निर्देशिकाहरू

६. दुधालु गाइ बंश सुधार कार्यक्रम निर्देशिका

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः

वजेट उपशीर्षक : पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रबर्द्धन कार्यक्रम

कार्यालय कोड : ३१२०२३९०२

| वजेट शीर्षक | | वार्षिक विनियोजन रु |
|---|---|---|
| चालु | ३१२०२१०३३ | १४४३७१००० |
| पुँजिगत | ३१२०२१०३४ | २४५००००० |

संक्षिप्त विवरण:

| | |
|---|---|
| पुँजीगततर्फको हालसम्मको निकासा तथा खर्च रु | ३३३९९६६ |
| चालुतर्फको हालसम्मको निकासा तथा खर्च रु | १२१९७१९०७।२१ |
| हालसम्मको जम्मा निकासा तथा खर्च रु | १२५३११८७३।२१ |
| वित्तीय प्रगती प्रतिशत | ७४।२० |

## राजश्व आम्दानी विवरण

| कुल राजश्व आम्दानी रु | राजश्व खातामा जम्मा भएको दाखीला रु (14211,14212,14229,14312,15111,15112) | | कार्यसंचालन कोष दाखीला रु |
|---|---|---|---|
| ३००४६१९८.८५ | ६०२७७०८५.८५ | | ११७२०९५३ |

## म.ले.प. बेरुजु विवरण

| क्र.स. | विवरण | २०८२ आषाढ मसान्तसम्म कायम वेरुजु | | यस अवधिमा फछ्र्यौट भएको वेरुजु रु | फछ्र्यौटभएको वेरुजु प्रतिशत | बाँकि वेरुजु |
|---|---|---|---|---|---|---|
| १ | विनियोजन | ५४१८६४.२३ | | १०९२५६ | २०.१६ | ४३२६०८ |
| २ | राजश्व | | | | | |
| ३ | जम्मा | ५४१८६४.२३ | | १०९२५६ | २०.१६ | ४३२६०८ |

## चालु आ.व.को चौथो त्रैमासिकमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

आर्थिक वर्ष २०८२।८३ मा सञ्चालित कार्यक्रम र सोको प्रगति विवरण समेतको प्रतिवेदन प्रकाशन तथा सम्प्रेषण गरिएको हुँदा प्रतिवेदनबाट समेत थप र अन्य आवश्यक जानकारी प्राप्त हुनेछ । यसको विद्युतिय प्रति तथा भिडियोहरू कार्यालयको वेवसाइटमा पनि राखिएको छ ।

**कार्यालयले सञ्चालन गरेका मुख्य मुख्य कार्यक्रम र सोको प्रगति विवरण**

| क्र.सं. | संचालित मूख्य मूख्य क्रियाकलापहरु | चौथो त्रैमासिकमा हासिल उपलब्धी | हालसम्म हासिल भएका मुख्य मुख्य उपलब्धीहरु |
|---|---|---|---|
| 1 | जमेको वीर्य उत्पादन | १५३८५० डोज | ६०७५८० डोज |
| 2 | तरल नाईट्रोजन खरिद तथा उत्पादन | ४९९५६ लिटर | १६२९२९ लिटर |
| 3 | जमेको वीर्य वितरण | ९४१२६ डोज | ४८९२६५ डोज |
| 4 | पशु प्रजनन् तथा कृत्रिम गर्भाधान तालिम (सहायक स्तर) | २ | ३ |
| 5 | कृत्रिम गर्भाधान सेवा विस्तार | १०००६७ पशुमा कृ.ग. | ४०५१६६ मा कृ.ग. |

### मुख्य मुख्य उपलब्धी (२०८२/८३)

१.पशु आहारातर्फ वर्षभरि हरियो घाँस, हे, साइलेज यथेष्ट व्यवस्थापन गरी वर्षेनी करिब ९६००+ मे ट घाँस उत्पादन ।

२. न्युक्लियस हर्ड व्यवस्थापनतर्फ निरन्तर छनौट पद्धति अवलम्बन गर्दै आफ्नै उत्पादनको जर्सी, होलिस्टेन र मुर्राबाट क्रमश ३४०० + ,४२०० + ,र २८०० + केजी प्रति बेत दूध उत्पादन गर्न सफल साथै उच्च प्रजनन मान भएका बोयर बोका , बंगुरका पाठापाठी र कुखुराका चल्लाहरू निरन्तर वितरण

३. प्रतिवर्ष ५ लाखको हाराहारीमा रहेको जमेको वीर्य उत्पादन वृद्धि गरी ६ देखि ७ लाख डोज पुर्‍याइएको । कोरियन अमेरिकन साँढे तथा भारतीय मुर्राको जमेको वीर्य वितरणमा पठाइ उत्पादन शुरुवात साथै बंगुरमा ताजा वीर्य संकलन तथा वितरणको सुरूवात।

४. कृत्रिम गर्भाधानकर्तालाई पूर्व सूचित वितरण प्रणाली, निःशुल्क ग्लोब, सिथ वितरण साथै सक्दो तरल नाइट्रोजन वितरण व्यवस्थापन। गुणस्तरका लागि गोब्लेटमा राखेर मात्र जमेको विर्य वितरण ।

५. वंशावलीमा आधारित दुधालु गाईभैंसी नश्ल सुधार कार्यक्रमको निरन्तरता, भ्रुण प्रत्यारोपण ( उत्पादन ) र कोरियन होलिस्टेनको न्युक्लियस हर्ड व्यवस्थापन गरी आगामी १५ वर्षका लागि उच्च प्रजननमान भएका राँगासाँढेहरूको सुनिश्चितता।
६. कार्यालयको राजस्व आम्दानी ३.९ करोडबाट ६ करोड पुऱ्याउन सफल साथै अतिरिक्त कामका रुपमा सञ्चालित डेरी र दाना उद्योगको सफल कार्यान्वयन एवं बढ्दो मुनाफा।
७. वितरण गरिएको जमेको वीर्यको फिल्डस्तरमै गुणस्तर परिक्षण कार्य शुरूवात गरिनुका साथै कृत्रिम गर्भाधानकर्ताहरूको नियमनका लागि AI license वितरण शुरू गरिएको।

## सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण

यस कार्यालयको वेवसाईट www.nlbo.gov.np नियमित अध्याबधिक गरी राखिएको छ ।

## सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

वैदेशिक सहायता, ऋण तथा प्राविधिक सहयोग प्राप्त नभएको ।

## सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी छैन ।

## सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

हालसम्म लिखित रुपमा कुनै पनि सूचना माग सम्वन्धि निवेदन परेको छैन ।

## सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

यस कार्यालयबाट प्रदान गर्नु पर्ने सूचनाहरु केन्द्रको वेभसाईट www.nlbo.gov.np तथा सूचना पाटि, राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रपत्रिकामा प्रकाशन गर्ने गरिएको छ।

## सम्पर्क ठेगाना

यस कार्यालयसँग सम्बन्धित विषयमा थप जानकारी चाहिएमा कार्यालयको बेभसाइट www.nlbo.gov.np मा हेर्न वा कुनै समस्या, सुझाव भएमा देहायको ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा

फोन नं. : ०६१-५०५३८९

ईमेलः nlbc.pokhara@gmail.com, वेवसाईटः www.nlbo.gov.np